सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८३ साउनदेखि असोज मसान्तसम्म

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
शाखा कार्यालय, डडेल्धुरा

२०८३/०७/०९
शाखा अधिकृत

प्रकाशनः
मिति २०८३ कार्तिक ०९ गते

नेपालको संविधानले नागरिकहरुमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा छ। सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ।

राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय डडेल्धुराले आर्थिक वर्ष २०८३/०८४ को साउन, भाद्र र असोज महिनामा सम्पादन गरेका प्रमुख कार्यहरुको विवरण स्वत: प्रकाशन गरेको छ।

राष्ट्रिय परीक्षा बोर्ड
शाखा कार्यालय
डडेल्धुरा

२०८३/०६/०९
शाखा अधिकृत

राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, डडेल्धुराको परिचयः

यस कार्यालयको स्थापना साविक उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गत शाखा कार्यालयको रुपमा वि.सं. २०७१ सालमा भएको हो। यो कार्यालय हाल डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका वडा नम्बर ५ मा रहेको छ। सेती अञ्चलका २ वटा हिमाली जिल्ला बाजुरा र बझाङ्ग, २ वटा पहाडी जिल्ला अछाम र डोटी महाकाली अञ्चलका १ वटा हिमाली जिल्ला दार्चुला र २ वटा पहाडी जिल्ला डडेल्धुरा र बैतडी गरी जम्मा ७ वटा जिल्लाहरु (३ वटा हिमाली र ४ वटा पहाडी) यस कार्यालयको सेवा क्षेत्रभित्र रहेका छन्। सेवा क्षेत्र अन्तर्गतका यी सबै जिल्लाहरुमा हालसम्म कक्षा ११/१२ संचालन अनुमति प्राप्त ३३५ विद्यालयहरुमध्ये ३२१ विद्यालयहरुमा कक्षा ११ र १२ पढाई हुने गरेको छ। जसमध्ये ४० वटा विद्यालयहरुमा प्राविधिक धार अन्तर्गत पशुविज्ञान, बालीविज्ञान, सिभिल ईन्जिनियरिङ्ग र कम्प्युटर ईन्जिनियरिङ्ग तर्फका विषयहरु अध्ययन अध्यापन भईरहेको छ। यस कार्यालयको जम्मा दरबन्दी १५ रहेको छ।

२०८३।०६।०५
शाखा अधिकृत

राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय अमरगढी डडेल्धुराबाट मिति २०८३ साउन ०१ गते देखि २०८३ असोज मसान्तसम्म सम्पादन भएका कार्यहरू:

- २०८३ साउन २ र ३ गते संचालन भएको कक्षा १२ को मौका परीक्षा संचालन तथा व्यवस्थापनका लागि सेवा क्षेत्र भित्रहेका जिल्ला परीक्षा समन्वय समितिले सिफारिस गरेका परीक्षा केन्द्रहरूमा केन्द्राध्यक्षहरूको व्यवस्थापन।
- परीक्षासँग सम्बन्धित सामग्री सम्बन्धित परीक्षा केन्द्रमा पुऱ्याएको।
- प्रश्नपत्र परीक्षा केन्द्रमा समयमै पुगे नपुगेको निगरानी गरी सहजीकरण गरिएको।
- परीक्षा सञ्चालन गरी उत्तरपुस्तिकाहरू बोर्डको शाखा कार्यालयसम्म ल्याइएको।
- कार्यालयमा जम्मा गरिएका उत्तरपुस्तिकाहरू निर्धारित समयमै प्याकिङ गरि तोकिएको ठाउँमा परीक्षण तथा सम्परीक्षणका लागि पठाइएको।
- परीक्षा अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा आवश्यक समन्वय गरिएको।
- परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक सम्पूर्ण कार्यसम्पन्न भएको।
- विद्यार्थीलाई प्रदान गरिने ट्रान्सक्रिप्ट, माइग्रेसन, प्रोभिजनल तथा पुरक प्रमाण-पत्र तयार गरी समयमै वितरण गरिएको।
- विद्यार्थीको नाम थर, जन्ममिति सुधार तथा Missing Case फर्छ्यौटका लागि समयमै सहजिकरण गरिएको।
- कार्यालयको आन्तरिक कार्य प्रक्रियालाई थप सेवाग्राही मैत्री बनाउँदै लगिएको।
- कार्यालको आम्दानी र खर्चको प्रगति समयमै कन्द्रीय कार्यालयमा पठाइएको।
- कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम भरी सुझाव पटिकामा राख्ने व्यवस्था भएको र प्राप्त गुनासोको सम्बोधन गर्न समिक्षात्मक स्टाफ बैठक गर्ने गरिएको।
- यस कार्यालयको कार्य सम्पादनको सम्बन्धमा कुनै पनि सेवाग्राहीको गुनासो फछ्यौंट हुन बाँकि नरहेको र गुनासो समेत नरहेको।
- राष्ट्रिय परीक्षा बोर्ड, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा सानोठिमी, भक्तपुरको आयोजना तथा यस कार्यालयको व्यवस्थापनमा मिति २०८३ असोज २३ गते प्राविधिक शिक्षा तथा व्यवहारिक अभ्यास सम्बन्धी अभिमुखीकरण कार्यक्रम (कार्यशाला) दिपालय, डोटीमा सम्पन्न गरियो।

२०८३/०७/०५

शाखा अधिकृत

शैक्षिक सत्र २०८३ को असोज मसान्त सम्म यस कार्यालयको सेवा क्षेत्रभित्र कक्षा ११ र १२ संचालित विद्यालयहरुको विवरणः

क्र.सं.	जिल्ला	संचालित विद्यालय संख्या
१	बाजुरा	३०
२	बझाङ	५८
३	अछाम	५७
४	डोटी	३९
५	डडेल्धुरा	३८
६	बैतडी	६६
७	दार्चुला	३३
जम्मा		३२१

शैक्षिक सत्र २०८३ को कक्षा १२ को वार्षिक परीक्षामा सहभागि जिल्लागत परीक्षार्थी संख्या र परीक्षा केन्द्र संख्याः

क्र.सं.	जिल्ला कोड	जिल्ला	विद्यार्थी संख्या			जम्मा परीक्षा केन्द्र संख्या
			नियमित	आंशिक	जम्मा	
१	६७	बाजुरा	१२०१	३५०	१५५१	८
२	६८	बझाङ	२४०६	३६३	२७६९	११
३	६९	अछाम	२३४७	३९९	२७४६	१५
४	७०	डोटी	८२५	३३१	११५६	४
५	७३	डडेल्धुरा	८०६	८३५	१६४१	४
६	७४	बैतडी	२६०३	३९२	२९९५	१५
७	७५	दार्चुला	९८१	४०७	१३८८	१०
जम्मा			११९६९	३०७७	१४२४६	६७

२०८२।०७।०३
शाखा अधिकृत

शैक्षिक सत्र २०८३ को कक्षा १२ को वार्षिक परीक्षाको नियमित परीक्षार्थीहरुको जिल्लागत नतिजा विवरणः

क्र.सं.	जिल्ला कोड	जिल्ला	विद्यार्थी संख्या			Graded %
			नियमित	Graded	Not Graded	
१	६७	बाजुरा	१२०१	१०२९	१७२	८५.६८
२	६८	बझाङ	२४०६	१५८२	८२४	६५.७५
३	६९	अछाम	२३४७	१८३८	५०९	७८.३१
४	७०	डोटी	८२५	५५५	२७०	६७.२७
५	७३	डडेल्धुरा	८०६	३८०	४२६	४७.१५
६	७४	बैतडी	२६०३	२२४७	३५६	८६.३२
७	७५	दार्चुला	९८१	७४७	२३४	७६.१५
जम्मा			१११६९	८३७८	२७९१	७५.०१

मिति २०८३ साउन २ र ३ गते संचालन हुने कक्षा १२ को मौका परीक्षामा सहभागी हुने जिल्लागत परीक्षार्थी संख्या र परीक्षा केन्द्र संख्याः

क्र.सं.	जिल्ला कोड	जिल्ला	विद्यार्थी संख्या	केन्द्र संख्या
१	६७	बाजुरा	१००	१
२	६८	बझाङ	५६९	२
३	६९	अछाम	३२०	१
४	७०	डोटी	२१०	१
५	७३	डडेल्धुरा	३०५	१
६	७४	बैतडी	२३२	१
७	७५	दार्चुला	१६०	१
जम्मा			१८९६	८

२०८३/०७/०८
शाखा अधिकृत

मिति २०८३ साउन ०१ गते देखि २०८३ असोज मसान्त सम्म Print गरी सेवा ग्राही (विद्यार्थीहरू) लाई प्रदान गरिएका **Transcript, Migration, Provisional र Supplementary (TMPS) Documents** विवरणः

क्र.सं.	**Type of Document**	२०८३/०४/०१ देखि २०८३/०६/३१ सम्म सेवा प्राप्त गर्ने संख्या
१	Transcript	५३९९
२	Migration	५३९८
३	Provisional	५३९८
४	Supplementary	७५७
५	Duplicate TMP	३८
6	Duplicate Supplementary	३

२०८३ साउन ०१ गते देखि २०८३ असोज मसान्त सम्मको आ.व.२०८३/०८४ को जम्मा आम्दानी र खर्च विवरणः

- जम्मा आम्दानी विवरणः ८९,०७,१००.००/-
- जम्मा खर्च विवरणः ३८,३३,२६१.४०/-

२०८३।०७।०५
शाखा अधिकृत